बैठक संख्या : १६ स्थान : राप्ती न.पा. कार्यालय (सभाहल)

मिती : २०७४।९।२० गते समय : विहान ७:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ं११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**बैठक संख्या १६**

**प्रश्तावहरु :** **मिती २०७४।९।२०**

१. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
२. कृषि कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
३. नगर सभाको बैठकको मिति तोक्ने सम्बन्धमा ।
४. कार्यपालिकाको नियमित बैठक तोक्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७४ पौष २१ गते संचालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा सबै वडाका टोल विकास संस्था, सहकारी संस्था, राजनैतिक दल, क्याम्पस, विद्यालय आदि सबैलाई वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई सहभागी भई दिन सूचना गर्ने र कार्यक्रमलाई सफल गराउन सबैले सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ कृषि सम्बन्धि विनियोजित बजेटबाट संचालन गरिने रु एक करोड बत्तीस लाख कार्यक्रमलाई स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ नगर सभाको बैठक मिति तोक्ने सम्बन्धमा छलफल हुदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा बमोजिम गर्नुपर्ने नगर सभाको बैठक मिति २०७४ माघ १२ गतेबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगर कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको १६ गते हुने हुदा बैठक स्थगितको सूचना जारी गरिएकोका बाहेक सो १ बजे बैठकको लागि उपस्थित हुने निर्णय गरियो ।

**बैठक संख्या १५**

**प्रश्तावहरु :** **मिती २०७४।९।१६**

१. अघिल्लो बैठकको निर्णय पुनरावलोकन सम्बन्धमा ।
२. भण्डारा स्वास्थ्य केन्द्रलाई ५० शैयाको अस्पतालमा स्तरोन्नती गर्ने सम्बन्धमा ।
३. भूकम्प प्रभावित ऐलानी जग्गामा परेका घरहरुको सम्बन्धमा ।
४. रत्ननगर महोत्सव सहयोग सम्बन्धमा ।
५. व्याक हो लोडर संचालन समितिबाट अपरेटर तथा सहयोगीको सेवा प्रक्रिया तथा भाडा दर सम्बन्धमा ।
६. सामाजिक परिचालक सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ कार्यपालिकाबाट यस अघि गरिएका निर्णयहरुको कार्य प्रगती सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट नगरबाट संचालन भइ रहेको कार्यक्रम यस अघि गरिएका निर्णयहरुको कार्य प्रगति बारे जानकारी लिइयो र बैठकमा सहभागीको तर्फबाट समेत आ-आफ्नो धारणा प्रस्तुत भयो । आगामी दिनमा नगरको कार्यलाई तीव्र रुपमा अघि बढाउन पर्ने सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा राप्ती नगरपालिका ५ भण्डारा स्थित भण्डारा स्वास्थ्य चौकीलाई विगतको समय देखि नै स्तरउन्नती गर्ने गरी केही कार्य अघि बढाइएको भएता पनि कुनै प्रगति भएको देखिएन नगरको जनसंख्या, सेवाग्राहीको चाप, नगर भित्र प्राथामिक स्वास्थ्य केन्द्र समेत नआएकोले उक्त स्वास्थ्य चौकीको भौतिक अवस्था समेतको आधारमा २५ शैयाको अस्पतालको रुपमा स्तरोन्नती गरी जिल्ला जन स्वास्थ्य कार्यालय मार्फत नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०७२ साल बैशाखमा गएको विनासकारी भूकम्पबाट ऐलानी जग्गामा रहेका घरहरुको क्षती भएकोले सबै वडाबाट क्षतीको विवरण लिई संख्या एकिन गर्ने र घर भत्किएकै स्थानमा घर निर्माणको लागि आवश्यक व्यवस्था मिलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७४।९।२७ देखि शुरु हुने रत्ननगर महोत्सवको लागि सहयोग गरी दिन रत्ननगर महोत्सव मुल समारोह समितिको मिति २०७४।०७।०३ को प्राप्त पत्र माथि छलफल हुँदा संस्कृतिको जर्गेना शीर्षकबाट रु ५००००। अनुदान स्वरुप सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

राप्ती नगरपालिकामा रहेको व्याक हो लोडर र रोलर संचालन सहज र सहज तरिकाले गर्न कार्यपालिका सदस्य श्री श्यामलाल वि.क.को संयोजकत्वमा गठित समितिले पेश गरेको चालकको पारिश्रमिक तथा व्याक हो लोडर र रोलरको भाडा निर्धारण सम्बन्धि देहायको निर्णयलाई अनुमोदन गरी कार्य संचालन गर्ने निर्णय गरियो

१. रोलर संचालन सम्बन्धमा दिनगन्तीको हिसावले गर्ने प्रति दिन रु १२०००। आधा दिनको ७०००। र २ घण्टाको ४०००। दरले रकम जम्मा गर्नुपर्ने र अपरेटरलाइ खाना खाजा खर्च काम लगाउदा दिने र प्रतिघण्टा १५० का दरले दिने । साथै २ कि.मी. भन्दा टाढा लैजानु पर्दा सेवाग्राही आफैले गाडी भाडा तिरी लैजाने ।
२. व्याक हो लोडर अपरेटर र हेल्फरको अर्न्तवार्ता पौष २२ गते दिनको ३ बजे नगरपालिका लिने र सेवा सुविधा अपरेटरलाई हेभी सवारी चालकको सेवा सुविधा न्यूनतम मासिक १८०००। तलब र ब्याक हो लोडर चलेको समयको रु ५० प्रतिघण्टा भत्ता दिने र हेल्फरको मासिक रु १००००। का दरले दिने ।

**निर्णय नं. ६**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.स. ०७४।७५ च.नं. २६ मिति २०७४।९।१४ को सामाजिक परिचालन सम्बन्धि पत्रबाट यस नगरपालिकामा कार्यरत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP) अन्तर्गत कार्यरत ५ जना सामाजिक परिचालहरुको मिति २०७४।९।१७ देखि सेवा समाप्त भएको व्यहोरा अवगत भयो । तथापी यस नगरपालिकामा रहेका सामाजिक परिचालकहरुले वडा सचिव व्यवस्था भइ नसकेको हालको अवस्थामा वडा सचिव सरह नै काम गरिरहेका र निजहरुको कार्य सन्तोष जनक रहेको हुँदा कार्यालयको आवश्यकता महसुस गरि उक्त पत्रको बुँदा नं. ३ मा भएको नीतीगत र बजेट व्यवस्था गरी व्यवस्थापन गर्न सकिने भन्ने प्रावधानलाई मध्येनगर गरी निम्न ५ जना सामाजकि परिचालले आन्तारिक श्रोत तर्फबाट मासिक रु १४०००। पाउने गरी अर्को व्यवस्था नभए सम्म वा बढीमा २०७५ साल अषाढ मसान्त सम्म दैनिक ज्यालादारी राखी साविक बमोजिम काममा लगाउने निर्णय गरियो ।

१. रुचिला रेग्मी
२. मंजिला कडेल
३. निरुता नहर्की पाठक
४. रचना चेपाङ
५. सर्मिला मुक्तान